# सूची दर्ता गर्ने बारे सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०१/२५ गते

यस बैंकलाई आ.व.२०७९/०८० मा आवश्यक पर्ने देहाय वमोजिमका बस्तु तथा सेवाहरु आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरुको नामावलीको सूचिदर्ता गराउनु पर्ने भएकोले ईच्छुक तथा अनुभवी, कुनै वातकसुर नलागेका तथा कालो सूचिमा नपरेका रजिर्ष्टड फर्म/संस्था/कम्पनीहरुलाई संस्थादर्ताको प्रमाण-पत्र (नविकरण सहित), काम गरेको अनुभव र कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, चौथो तल्ला, सनराईज विजपार्क, डिल्लिवजार, काठमाण्डौमा दर्ता गराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१) छपाई सम्बन्धी कार्य।
२) मसलन्द (स्टेशनरी) सामान आपूर्ति।
३) कार्डबोर्ड, मेटल तथा काठका फर्निचर, फोटोकपी, फ्याक्स, स्टेबिलाइजर, एटिएम, नोट काउन्टिङ्ग मेसिन आपूर्ति तथा मर्मत संभार।
४) कार्यालय उपकरणहरु, कम्प्यूटर उपकरणहरु, प्रिन्टर, UPS, ब्याट्रि, फोर्टिगेट, नेटवर्किङ्ग, ईन्टरनेट र DATA CONNECTIVITY SERVICE आपूर्ति तथा मर्मत संभार।
५) जेनरेटर आपूर्ति तथा मर्मत संभार।
६) एयर कन्डिसन आपूर्ति तथा मर्मत संभार।
७) बैंकको आन्तरिक सजावट तथा डिजाइन लगायत सोको लागि आवश्यक सामानहरु आपूर्ति तथा मर्मत संभार कार्य।
८) CCTV/ Alarm System/ EPABX/ Telephone Set आपूर्ति तथा मर्मत संभार।
९) फोटोकपी, प्रिन्टर, फ्याक्स मेसिनमा लाग्ने मसि, रिवन, टोनर तथा कार्टिजहरु आपूर्ति।
१०) कार्यालयको सवारी साधन (गाडी तथा मोटर साइकल) पाटपुर्जा आपूर्ति तथा मर्मत संभार।
११) Vault Door, Fire Proof Safe, fire Proof filling Cabinet, Normal Cabinet, Safe Deposit Locker आपूर्ति तथा मर्मत संभार।
१२) विद्युतिकरण कार्य, विद्युतीय सामग्री तथा उपकरणहरु आपूर्ति तथा मर्मत संभार।
१३) कुरियर सेवा।
१४) कर्मचारीहरुको पोशाक सप्लाई सम्वन्धी कार्य।
१५) विज्ञापन तथा प्रचार प्रसार सेवा सम्वन्धी कार्य।
१६) कन्सल्टेन्सी, धितो मूल्याङ्कन, परामर्शदाता, अनुसन्धान, इन्जिनियरिङ्ग लगायत तथा अन्य विविध सेवा सम्बन्धी कार्य।
१७) कर्मचारीहरुको दुर्घटना विमा, स्थिर सम्पत्ति तथा गाडीहरुका विमा।
१८) उपरोक्त वाहेक अन्य सामान तथा सेवाहरु आपूर्ति तथा मर्मत संभार समेतका कार्यहरु।

सूचीकृत हुन आएका निवेदनहरु मध्येबाट योग्य ठहरिएका विक्रेता फर्म तथा कम्पनीहरुलाई सूचीकृत गरिनेछ। सूचीकृत भएका फर्म तथा कम्पनीहरुले सन्तोषजनक तथा समयमा सेवा तथा सामान आपूर्ति नगरेको खण्डमा बैंकले विना सूचना सूचीबाट हटाउन सक्नेछ। यस उपर कुनै दावी विरोध गर्न पाईने छैन। सूचीकृत हुन पेश भएका निवेदनहरु सूचीकृत गर्ने वा नगर्ने सम्वन्धी अधिकार यस बैंकमा निहित रहनेछ।

**सामान्य सेवा विभाग**

**लुम्बिनी विकास बैंक लि.**
**Lumbini Bikas Bank Ltd.**
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, सनराईज विज पार्क, डिल्लीबजार, काठमाडौं
फोन : ०१ ४४४१६४१, फ्याक्सः ०१ ४४१३२९०